नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

प.सं. २०७८/०७९ च.नं. २३२५ | बबरमहल, काठमाण्डौं ।

**सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा घरजग्गा खरिद बिक्री व्यवसायीहरूलाई (सूचक संस्थाहरु) जारी गरिएको निर्देशन, २०७९**

जारि मितिः २०७९।०२।२४

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७न. को उपदफा (२) बमोजिम नेपाल सरकारको निर्णयले भूमि व्यवस्थापन तथा अभिलेख विभागलाई उक्त ऐनको दफा २ को खण्ड (ढ) को उपखण्ड (२) बमोजिमका घरजग्गा खरिद बिक्री व्यवसायीको कामकारबाहीको हकमा सोही ऐन अन्तर्गतका नियमनकारी निकाय तोकेको, नेपाल सरकारको सम्पत्ति शुद्धीकरण तथा आतङ्कबादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी राष्ट्रिय जोखिम मुल्याङ्कन प्रतिवेदनले घरजग्गा क्षेत्र सम्पत्ति शुद्धीकरणको दृष्टिकोणले जोखिमपूर्ण क्षेत्र भनी औंल्याएको र नेपालको यस प्रणाली सम्वन्धी अन्तर्राष्ट्रिय पारस्परिक मुल्याङ्कन भैरहेको सन्दर्भमा विभागले सक्रियतापूर्वक आफ्ना काम कारवाहीहरू अगाडि बढाउन वाञ्छनीय भएकोले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७प .को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी घरजग्गा व्यवसायिहरुका लागि विभागले देहाय बमोजिमको निर्देशन जारी गरेको छः

१. सूचक संस्था भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउंडरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (ढ) को उपखण्ड (२) मा उल्लेख भएबमोजिम घरजग्गा खरिद वा विक्रि गर्ने उद्देश्य राखी स्थापित फर्म, कम्पनी, संस्था वा व्यक्तिगत रूपमा व्यवसायिक तवरले घरजग्गा खरिद वा विक्री गर्ने व्यवसायी पर्नेछन । सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ ले जोखिममा आधारित प्रणाली अवलम्बन गर्न प्राथमिकता दिएकाले हालको लागि रु. एक करोड वा सो भन्दा बढी रकमको कुनै घरजग्गा खरिद विक्रि गर्ने गराउनेको हकमा यो निर्देशन सीमित गरिएको छ ।

२. यस निर्देशन बमोजिम घरजग्गा खरिद विक्रिको व्यवसाय गर्ने व्यवसायीले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को व्यवस्था पालना गरी सोको विवरण विभागले तोकेको ढाँचामा सम्बन्धित मालपोत कार्यालयमा र सिमा तथा शंकास्पद कारोबारको विवरण नेपाल राष्ट्र बैङ्कमा रहेको वित्तीय जानकारी ईकाईले तोकेको ढाँचा, माध्यम र समयमा उक्त इकाईमा यथासक्य छिटो बुझाउनु पर्नेछ ।

३. समय समयमा विभागले वा विभागले तोकेको अधिकारीले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन,२०६४ बमोजिम जोखिमका आधारमा घरजग्गा खरिद विक्री व्यवसायीको नीरिक्षण तथा सुपरीवेक्षण र अनुगमन गर्नेछ ।

४. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन,२०६४ बमोजिम काम कारवाही नगर्ने घरजग्गा खरिद विक्री व्यवसायीलाई विभागले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७फ. र अन्य निकायले प्रचलित कानूनबमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाउन सक्नेछन् ।

५. यस सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम विभागले क्रमशः गर्दै जानेछ ।

(प्रितम्बर घिमिरे)
महानिर्देशक